(मा.उपप्रधानमन्त्रीबाट स्वीकृत मितिः२०७२ पौष २८)

# पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२

**प्रस्तावना** :

आर्थिक सामाजिक वञ्चितीकरणका कारण समग्र विकास प्रक्रिया र लाभ वितरणमा मूलप्रवाहीकरण हुन नसकेका मधेशी, मुश्लिम तथा पिछडिएको समुदाय (अनुसूची १ मा उल्लिखित जातजाति) को आर्थिक, सामाजिक लगायत विभिन्न पक्षको विकास गर्न स्थानीय निकाय, विषयगत कार्यालय तथा अन्य गैरसरकारी निकायबाट सञ्चालित कार्यक्रमहरुलाई पारदर्शी, जनमूखी, प्रभावकारी एवं नतिजामूलक बनाउनको लागि नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २६ वटा जिल्लामा पिछडिएको समुदाय उत्थान जिल्ला समन्वय समितिको गठनगर्नुपर्ने आवश्यकता रहेको छ । वर्तमान लोकतान्त्रिक संविधानले सामाजिक न्याय सहितको समावेशी विकासको परिकल्पना गरेको सन्दर्भमा जिल्लामा विभिन्न निकायहरुबाट पिछडिएको समुदाय संरक्षण, उत्थान र विकाससँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग र समन्वय गर्न जिल्ला तहमा समन्वय समिति गठन गर्न वान्छनीय भएकोले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यो “पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२” जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले दफा ६ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(घ) “समिति” भन्नाले दफा ३ बमोजिम गठन भएको पिछडिएको समुदाय जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

**३. समितिको गठन** : पिछडिएको समुदाय जिल्ला समन्वय समितिमा देहायका सदस्यहरु रहनेछन् :-

क) जिल्ला विकास समितिको सभापति वा सभापतिको काम काज गर्ने गरी तोकिएको पदाधिकारी - अध्यक्ष

(ख) संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको निर्णयबाट मनोनयन हुने जिल्लाभित्र पिछडिएको समुदायको हक, अधिकार र विकासका क्षेत्रमा क्रियाशील एक जना पिछडिएको समुदायको व्यक्ति - उपाध्यक्ष

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) जिल्ला प्रहरी कार्यालय प्रमुख - सदस्य

(a) जिल्ला शिक्षा अधिकारी - सदस्य

(च) जिल्ला पशु सेवा कार्यालयका प्रमुख - सदस्य

(छ) जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय प्रमुख - सदस्य

(ज) जिल्ला सरकारी वकिलको कार्यालय प्रमुख - सदस्य

(झ)जिल्ला विकास समितिका योजना, अनुगमन तथा प्रशासकीय अधिकृत - सदस्य

(ञ) महिला तथा बालवालिका कार्यालयका प्रमुख - सदस्य

(ट) घरेलु तथा साना उद्योग कार्यालय/समितिका कार्यालय प्रमुख - सदस्य

(ठ) पिछडा वर्ग महासंघको जिल्ला समितिले तोकेको एक जना प्रतिनिधि - सदस्य

(ड) स्थानीय विकास अधिकारीले तोकेको जिल्ला विकास समितिको अधिकृत - सदस्य सचिव

नोट : पिछडा वर्ग महासंघको आधिकारिकताको विवाद अदालतमा विचाराधीन रहेको अवस्थामा प्रत्येक महासंघबाट एक एक जना प्रतिनिधि सदस्य रहनेछन् ।

**४ .समितिको काम, कर्तब्य र अधिकार :-** समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पिछडिएको समुदाय उत्थानसँग सम्बन्धित जिल्लामा सञ्चालित सरकारी, स्थानीय निकाय तथा गैरसरकारी निकायहरुबाट तर्जुमा हुने कार्यक्रमहरुको र कार्यान्वयनमा सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) जिल्ला विकास समिति, नगरपालिका तथा गा.वि.स.बाट सञ्चालन गरिने पिछडिएको समुदाय उत्थानसँग सम्बन्धित लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा समन्वय र सहजीकरण गर्ने,

(ग) स्थानीय निकायहरु, बिषयगत कार्यालयहरु तथा गैरसरकारी संस्थाहरुलाई पिछडिएको समुदायको सशक्तिकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिश गर्ने,

(घ) जिल्लामा पिछडिएको समुदायको विकासका लागि गठित समूह तथा सामुदायिक संस्थाहरुले सञ्चालन गर्ने पिछडिएको समुदायसँग सम्बन्धित लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने,

(ङ) पिछडिएको समुदायको उत्थान र विकासका लागि जिल्लामा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संस्था, समिति तथा समूहरुको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुका माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पुऱ्याउन सहयोग र समन्वय गर्ने,

(च) जिल्लामा पिछडिएको समुदाय उत्थानको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने गराउने,

(छ) मौजुदा संविधानमा उल्लिखित पिछडिएको समुदायको हक अधिकार एवं कर्तव्य संग सम्बन्धित विषयहरुको बारेमा सुसूचित गर्ने गराउने

(ज) पिछडिएको समुदायको सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लगायत अन्य कार्यान्वयनमा रहेका नियमावली, नीति, रणनीति, कार्यविधिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने,

(झ) स्थानीय निकायबाट स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग (पिछडिएको समुदाय) लाभान्वित हुने अवस्था सुनिश्चित गर्ने,

(ञ) जिल्लामा पिछडिएको समुदाय उत्थानका लागि विभिन्न बिषयगत निकायहरुबाट सञ्चालित कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक सहयोग उपलब्ध गराउने र विनियोजित बजेट तथा कार्यक्रमको बारेमा प्रचार प्रसार गर्ने गराउने,

(ट) सामाजिक परिचालनको माध्यमबाट पिछडिएको समुदायको सशक्तिकरणमा समन्वय एवं सहजीकरण गर्ने

(ठ) जिल्लामा विभिन्न निकायहरुवाट पिछडिएको समुदाय उत्थानको लागि मात्र सञ्चालित लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख तयार गर्ने गराउने,

(ड) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा संस्थामा पिछडिएको समुदायको प्रतिनिधित्वको लागि पहल गर्ने,

**<u>५. समितिको बैठक सम्बन्धी कार्यविधि :</u>** (१) समितिको बैठक १ बर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

**<u>६. उपाध्यक्ष सम्बन्धी थप व्यवस्था :</u>** (१) समितिमा एक जना उपाध्यक्ष रहनेछ जसको नियुक्तिको निर्णय नेपाल सरकार (मन्त्रीस्तर) बाट हुनेछ ।

(२) उपाध्यक्षको पदावधि बढीमा चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायको निर्वाचन सम्पन्न भएपछि,निज आफ्नो पदबाट स्वतः मुक्त हुनेछ ।

**<u>७. उपाध्यक्षको सेवा, शर्त र सुविधा :</u>** (१) समितिको उपाध्यक्षले मासिक रुपमा रु.५०००।š -s/ ;d]t_ नियमित पारिश्रमिक पाउनेछ । उक्त पारिश्रमिकको व्यवस्था जिल्ला विकास समितिले मिलाउनेछ । उपाध्यक्ष बाहेक अन्य पदाधिकारीहरुले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन् । तर समितिको बैठकमा भाग लिए वापत जिल्ला विकास समितिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन्। जिल्ला विकास समितिले बैठक भत्ता, भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्चको व्यवस्था अनुदान तथा कोषतर्फको सम्बन्धित शीर्षकमा नै व्यवस्था गर्न सक्नेछ ।

*(तर समितिको उपाध्यक्षले मासिक रुपमा रु.५०००। (कर समेत) नियमित पारिश्रमिक पाउने हकमा अर्थमन्त्रालयबाट स्वीकृत प्राप्त भएपछि लागू हुनेछ*।)

(२) समितिको उपाध्यक्षले कामको सिलसिलामा भ्रमण गर्दा जिल्ला विकास समितिको सभापति वा सभापतिको कामकाज गर्न तोकिएको व्यक्तिबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ । भ्रमण आदेश स्वीकृत गर्दा भ्रमण प्रयोजन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(३) समितिको उपाध्यक्षले भ्रमण गरी फर्केको पैंतीस दिनभित्र भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ । भ्रमण प्रतिवेदन प्राप्त भएपछि जिल्ला विकास समितिले नियमानुसार भ्रमण भत्ता भुक्तानी गर्नेछ ।

(४) जिल्ला विकास समितिले आफ्नो नियमित बैठक, योजना तर्जुमा गोष्ठी र जिल्ला परिषद्मा समितिको उपाध्यक्षलाई आमन्त्रण गर्न सक्नेछ । यसरी उपस्थित भएको अवस्थामा उपाध्यक्षले जिल्ला विकास समितिको सदस्यले पाए सरह बैठक भत्ता पाउने छ ।

(५) कार्यालयलय समय बाहेक र बिदाको दिनमा समितिको बैठक बस्नु पर्दा उपाध्यक्ष बाहेक अन्य पदाधिकारीहरुले समितिको बैठकमा भाग लिए वापत जिल्ला विकास समितिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछ । यस्तो भत्ता उपलब्ध गराउँदा जिल्ला विकास समितिको प्रशासनिक खर्चको सीमा भित्र रही उपलब्ध गराउनु पर्नेछ । साथै जिल्ला विकास समितिले बैठक भत्ता, भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्चको व्यवस्था अनुदान तथा कोषतर्फको सम्बन्धित शीर्षकमा नै व्यवस्था गर्न सक्नेछ ।

तर उपदफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका पदाधिकारी बाहेक अन्य आमन्त्रित सदस्यलाई भत्ता उपलव्ध गराइने छैन ।

**८. उपाध्यक्षको आचरण : निज मुलुकको प्रचलित संविधान, ऐन, कानून, नेपाल सरकार पक्ष भएका अन्तराष्ट्रिय कानून तथा नेपाल सरकारको नीति तथा कार्यक्रमप्रति पूर्णरुपमा प्रतिवद्द रहनु पर्नेछ। मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, राष्ट्रियता, स्वाधिनता एवं सामाजिक सद्भाव र ऐक्यवद्दताको सम्मान, संरक्षण र सम्वर्दन गर्नु निजको दायित्व हुनेछ ।**

**९. समितिको सम्पर्क कार्यालय** : समितिको सम्पर्क कार्यालय जिल्ला विकास समितिमा रहनेछ । कार्यालय प्रयोजनको लागि केन्द्रबाट प्राप्त अनुदान र आन्तरिक श्रोतबाट जिल्ला विकास समितिले आवश्यकताको आधारमा व्यवस्थापन गर्नेछ ।

**१०. निर्देशन दिन सक्ने** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समितिलाई जिल्ला विबमस समिति मार्फत आवश्यक निर्देशन दिन सक्नेछ । त्यसको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

**११. थपघट र हेरफेर** :

मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**१२. खारेजी र बचाउ** : (१) पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१, खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(३) यो कार्यविधि लागू भएपछि साविक कार्यविधि अनुसार नियुक्ति भएका पदेन बाहेकका पदधिकारी स्वतः पदमुक्त हुनेछन् ।

## अनुसूची १

**पिछडिएको समुदायमा पर्ने जातजातिहरुः**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.कुशवाहा | २.कुर्मी | ३.कुमाहार | ४. कहार | ५.केवट | ६.कानु | ७.कमार |
| ८.कलवार | ९.तेली | १०.नुनिया | ११.बनिया | १२.भेडीभर | १३.माली | १४.मल्लाह |
| १५. मुसलमान | १६.बरै | १७.यादव | १८.राजभर | १९.राजघोव | २०. | रौनियार |
| २१.लोहार | २२.लोध | २३.सुडी | २४.सैनी | २५.सोनार | २६.हलुवाई | |
| २७. हजाम | २८. अमात | २९.केवरत | | | | |